कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

मिति: २०७२।०६।२५

# बि.भि.एस्सी.एण्ड ए.एच र बि.एस्सी.फिसरीजमा विद्यार्थी भर्ना सम्बन्धि सुचना

शैक्षिक वर्ष २०७२/०७३ को लागि यस कृषि तथा वनविज्ञान विश्वविद्यालय पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने पशुचिकित्सा (B.V.Sc. & A.H.) र मत्स्यविज्ञान (B.Sc. Fisheries) स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन Online बाट मात्र भर्न सक्नेछन् र त्यसको साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, बैंक भौचर, नागरिकता र हालसालै खिचेको पासपोर्ट साइजको संलग्न गर्नु पर्नेछ । साथै, अन्य विश्वविद्यालय वा संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समान स्तर निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भई आई. एस्सी. (विज्ञान वा कृषि) वा 10+2 (विज्ञान वा कृषि/पशुविज्ञान) तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, बायोलोजि, केमेष्ट्रि र कम्तिमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कूल प्राप्ताङ्कको ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तीर्ण भएको हुनु पर्नेछ ।

२. आवेदन भर्ने प्रकृया Online रहनेछ र त्यसका लागि यस विश्वविद्यालयको वेबसाईट www.afu.edu.np मा गई भर्न सकिनेछ ।

३. **आवेदन दिने मिति र समय :** आवेदन प्रकृया २०७२ कार्तिक ०१ गते देखि २०७२ मंसिर ०७ गते सम्म www.afu.edu.np मा log in गरि Online बाट गर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन् ।

४. यस संकाय अन्तर्गत संचालन हुने दुईवटै कार्यक्रमहरु B.V.Sc. & A.H. र B.Sc. Fisheries मा आवेदन दिन चाहनेले छुट्टा छुट्टै बैंक भौचर र आवेदन भर्नु पर्नेछ ।

५. **आवेदन तथा प्रवेश परीक्षा शुल्क :** आवेदन तथा प्रवेश परीक्षा शुल्क बापत रु. २,०००।०० (दुई हजार) मात्र लाग्ने छ । उक्त शुल्क प्रभु बैंकको कुनै पनि शाखाबाट "**AGRICULTURE AND FORESTRY UNIVERSITY**" नाममा खाता नं. **0171160069276300001** मा रकम जम्मा गरि बैंक भौउचर प्राप्त गर्न सकिनेछ । प्रभु बैंक बाहेक अन्य बैंकबाट उक्त खातामा रकम जम्मा गर्दा लाग्ने अन्तर बैंकिङ्ग शुल्क आवेदकले नै थप गरि बुझाउनु पर्नेछ । बैंक भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम अनिवार्य लेखिएको हुनु पर्नेछ । रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन् ।

६. **प्रवेश पत्र बितरण मिति, समय र स्थान :** प्रवेश परीक्षाको प्रवेश पत्र २०७२ मंसिर १७ गते विहान ७ बजे देखि १० बजेसम्म परीक्षा केन्द्रबाट बितरण गरिनेछ । प्रवेश पत्र बुझ्न आउदा आवेदकले आफ्नो सक्कल नागरिकता, सक्कल बैंक भौचर र Online आवेदन सम्पन्न गरे पश्चात प्राप्त गरेको Confirmation Page (आवेदकको अनिवार्य हस्ताक्षर भएको) लिई लिई स्वयं उपस्थित हुनुपर्नेछ । सम्बन्धित परीक्षार्थीको यकिन गरि तथा सक्कल बैंक भौचर र Confirmation Page बुझि मात्र निजलाई प्रवेश पत्र प्रदान गरिनेछ ।

७. **प्रवेश परीक्षा मिति, समय र स्थान :** २०७२ मंसिर १७ गते ११ बजे चितवनमा संचालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी www.afu.edu.np मा पछि प्रकाशन गरिनेछ ।

८. **भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सो को आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यता क्रम अनूसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णङ्क ५०% रहनेछ ।

९. प्रमाणपत्र तह पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।

क) अंग्रेजी - १२ ख) केमेष्ट्री - १२ ग) फिजिक्स - १२ घ) बोटानी - १२
ङ) जुलोजी - १२ च) गणित - १२ र छ) सामान्य ज्ञान - ८

प्रवेश परीक्षामा ८० वटा प्रश्नहरु हुनेछन् जसको लागि १ घण्टाको समय दिइनेछ ।

१०. **परीक्षा फल प्रकाशन :** प्रवेश परीक्षा संचालन गरिएको मिति २०७२ मंसिर १७ गते बेलूकी नै परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

११. **भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु :** भर्ना हुनको लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ ।भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :

क) पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) एस.एल.सी. को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाण पत्र
घ) प्रमाणपत्र तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक पत्र
ङ) प्रमाणपत्र तहको सक्कल मूल/स्थाई प्रमाणपत्र वा अस्थाई Provisional Certificate
च) समानस्तर निर्धारण (Equivalent) को प्रमाण पत्र
छ) सम्वन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
ज) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनःशच :** भर्ना हुन आउदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समय भित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको लेखा शाखामा दाखिला गरि आवेदक वा अभिभावक स्वयं उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याएको सक्कल प्रमाणपत्रहरुको रुजू गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरीए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकको भर्ना प्रकृया रद्द गरिनेछ ।

१२. **भर्ना सम्वन्धि तालिका :**

क) भर्नाको लागि २०७२।०८।२० गते मेरिट कोटाको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०७२।०८।२५ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।
ख) स्थान खाली रहन आएमा २०७२।०८।२७ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७२।०८।२९ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।
ग) स्थान खाली रहन आएमा २०७२।०९।०१ गते तेश्रो नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०७२।०९।०३ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।

मेरिट कोटाको भर्ना सकिए पछि अन्य कोटाहरुको क्रमैसंग भर्ना सूचि प्रकाशित गरिने छ । स्थान रिक्त भएमा, प्रत्येक कोटाको लागि ३ (तीन) पटक सम्म नामावाली प्रकाशन गरिनेछ यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावालीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई UDF कोटामा समावेश गरि भर्ना लिइनेछ ।

१३. विश्वविद्यालय विकास शूल्क UDF अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार २०७२।०९।०१ विहान १० बजे देखि २०७२।०९।०३ गते दिउसो ५ बजेसम्म Online आवेदन दिनु पर्नेछ । साथै, त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता कमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरीजमा भर्ना हुनको लागि कमश रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार) र रु. १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार) लाग्नेछ र सो रकम दूई किस्तामा बुझाउन सकिनेछ ।

१४. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, सहिद परिवार, द्वन्द पीडित, स्टाफ र पाँच विकास क्षेत्रका विद्यार्थीहरुका लागि केही कोटा सिट छुट्टयाइएको छ । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनूदानमा संचालित सामूदायिक माध्यमिक विद्यालयबाट एस.एल.सी. परीक्षा उर्तीण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफूले एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनूदान प्राप्त सामूदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिसपत्र online आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ र भर्ना हुन आउदा उक्त सिफारिसपत्र सक्कलै पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कूनै कार्वाही हुनेछैन् । त्यस्ता विद्यार्थीहरुको संख्या अपूग भएमा मात्र अन्य विद्यार्थीहरुलाई मेरिट योग्यताकमको आधारमा निर्धारित कोटामा भर्ना लिइने छ । छात्रा कोटा र क्षेत्रिय कोटा बाहेक अन्य कोटामा भर्ना हुन ईच्छुकहरुले प्रवेश परीक्षा उत्तीर्ण हुने मध्ये वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरीज तहको लागि २०७२।०९।०१ गते देखि

कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

२०७२।०९।०३ गते सम्म कार्यालय समय भित्र निम्नानुसारको कोटाको लागि निम्नानुसारको निकायको प्रमाण सहितको तोकिएको अवधि र ढाँचामा नियमानुसार online आवेदन दिनु पर्नेछ :

क) दलित कोटाः राष्ट्रिय दलित आयोग
ख) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय
ग) जनजातीकोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ
३) अपाङ्ग कोटाः बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय
ङ) शहिद परिवार कोटाः नेपाल सरकार शान्ति मन्त्रालय
च) द्वन्द पिडित परिवार कोटाः नेपाल सरकार शान्ति मन्त्रालय
छ)स्टाफकोटाः सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको (श्रीमान/श्रीमति, छोरा, छोरी) नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र ।

उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिइने छ । भर्ना हुन आउदा उक्त कोटा आवेदन साथ पेश गरेको आधार प्रमाणको सक्कल अनिवार्य पेश गर्नु पर्नेछ ।

**१५.** वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरीजको लागि क्रमशः ५० र १६ विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग MOU भएका नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ, संस्थाबाट MOU भए बमोजिम मनोनयन भई आउने मनोनयी व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन् । निर्धारित कोटा रिक्त हुन गएमा मेरिट काटामा समावेश गरिनेछ ।

**भर्ना कोटा विवरण :**

| विवरण | वि.भि.एस्सी.एण्ड ए.एच. | वि.एस्सी. फिसरीज |
|---|---|---|
| मेरिट | २३ | ६ |
| क्षेत्रिय | ५ | |
| दलित | १ | १ |
| जनजाति | १ | |
| मधेसी | १ | १ |
| द्वन्द पीडित / शहिद परिवार | १/१ | १ |
| अपाङ्ग | १ | १ |
| छात्रा | २ | १ |
| स्टाफ सहूलियत(अर्ध शूल्क) | १ | १ |
| स्टाफ (पूर्ण शूल्क) | १ | |
| UDF | १२ | ४ |

स्टाफ कोटा खाली हुन गएमा UDF कोटामा समावेश गरिनेछ ।

**१६.** अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा सो को जिम्मेवारी विश्वविद्यालयले लिने छैन् ।

**१७.** सबै विद्यार्थीलाई छात्राबास उपलब्ध गराउन संकाय बाध्य हुने छैन् ।

☞ थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

(प्रा. ईश्वरचन्द्र प्रकाश तिवारी)
नि. डीन